# हाम्रो कला हिजो र आज

मनुजबाबु मिश्र

## कला-इतिहासको अकाट्य आधार

कला देसको गौरब हो । राष्ट्र र राष्ट्रियताको अनुहार हो । समय र सभ्यताको वा्यावरण हो । धर्म-संस्कृतिको मूर्त रूप हो । इतिहासको सही र प्रामाणिक पहिचान हो । नेपालमा तत्कालीन कलाकृतिहरू प्राप्त नभएको हुदा लिच्छवि अगाडिका इतिहास पौराणिकतामा परिणत भइसकेका छन् । किराँत अगाडि गोपाल वंशीले पाँच सय वर्षसम्म यहाँ राज्य गरे रे, किराँतहरूका उनन्तीस जना राजाहरूले यहाँ राज्य गरे रे, किराँतका सातौं राजा जितादेसीको समयमा यहाँ सिद्धार्थ आइैं भगवान् बनेर आए रे, किरातूतकै चौथो राजा स्थुङ्को समयमा बुद्ध धर्मका अग्रदूत बनेर यहाँ सम्राट अशोक पनि आए रे । राजा भएको देशमा राजप्रासाद हुन्छ, देव प्रासाद हुन्छ । त्यस्ता प्रासाद-मन्दिर स्वयम् वास्तु कलाकृति भएतापनि त्यसूग अनिवार्य रूपमा चित्र तथा मूर्ति पनि रहेका हुन्छन् । तर खोइ तत्कालका वास्तु-मूर्ति तथा चित्रहरू ? केवल भत्किएका - टुटेका कलाकृतिका अंशहरू मात्र बटुलेर प्रामाणिक इतिहास तयार गर्न सकिंदैन । त्यसै कारण सिन्धुघाँटी-चुफ्रेटस, टिग्रिसका सभ्यता जति दुर्बल देखिन्छन् । उति सबल र अकाट्य देखिन्छ नाइल नदीको सभ्यता । नेपालमा पनि लिच्छवि अगाडिको इतिहास पौराणिक बन्दै गएको र पछिको आर्थिक-सामाजिक धार्मिक व्यवस्थाको इतिहास प्रामाणिक बन्दै आएको कारण पनि त्यही नै हो । अतः सबै प्राचीनताको इतिहासलाई प्रामाणिक बनाउने नै तत्कालका कलाकृतिहरूनै हुन् ।

### दृष्टिकोणको धरातल

राष्ट्रिय हित र देशको स्वाभिमानलाई हेर्ने सबै विद्वान्हरूको सामान्य धरातल एउटै भए तापनि प्रत्येक क्षेत्रका विज्ञहरूले आ-आफ्नै विषयगत सिमानाभित्र बसेर त्यस क्षेत्रको उन्नति अवन्नतिको मूल्याङ्कन गरे भने मात्र त्यसमा सच्याई हुन सक्दछ । एउटा अर्थविद् जसरी अमुक समय एवं व्यवस्थामा अर्थ व्यवस्था के कस्तो थियो भन्ने विषयमा दृढ भएर भन्न सक्दछ त्यति अन्य विषयमा भन्न सक्दैन त्यति नै विश्वास लिएर । त्यसैगरी भूगोलविद्ले इतिहासको र इतिहासविद्ले खगोल विषयको मूल्याङ्कन गरेको ठीक छ भन्न सकिंदैन । त्यसैले अमुक समय र अमुक व्यवस्था अन्तरगत कला क्षेत्रमा उन्नति भए नभएको कुरा एउटा कलाविद्ले नै हेरेर त्यसको सही मूल्याङ्कन गर्ने गर्नुपर्दछ । यो लेखक कुनै क्षेत्रको पनि "विज्ञ" होइन तर पनि एउटा कलाकार भएको नाताले विगत र वर्तमानमा भएको सिर्जनात्मक कलाको स्थितिको बारेमा जिज्ञासाको सानो चर्चा मात्र गर्न लागिएको हो । अतः कला क्षेत्रकै धरातलमा बसेर कलाप्रेमी-कलाकार पाठक वर्गले यसलाई हेर्ने छन् भनी विश्वास गर्न सकिन्छ ।

### कला प्रेम र पारखले परिपूर्ण विगत

विगत कलाको प्रेमी थियो-पारखी थियो र कलाले परिपूर्ण थियो । "साहित्य सङ्गीत, कला विहीन'" आदि विगतको आवाजले हाम्रो वर्तमान समेत गुञ्जिरहेको छ । मानव इतिहासभरि-हाम्रो इतिहासभरि ज्ञानमा-विज्ञानमा-धर्म-संस्कृति-समाज राजनीतिभरि जताततै कला थियो- सिर्जनात्मक कलाको उत्कृष्ठताहरू थिए । हाम्रा मल्ल राजाहरूले प्रकृतिको यो मनोरम उपत्यकालाई कलापूर्ण "एक्रोपोलिस" नै बनाइदिएका थिए । तिनै समयका सांस्कृतिक उच्चता र कलात्मक उत्कृष्टताबाट, हामी आजसम्म विश्वमा सृष्टि स्रष्टाको देश भनी चिनिंदै आएका छौं ।

विद्वता भनेको कुनै विश्वविद्यालयले दिएको उपाधि र प्रमाण पत्रमा रहेको हुदैन । विद्वता र विश्लेषणात्मक चेतनाशिलताको अभिव्यक्तिमा रहेको हुन्छ । मल्लकालका शासक जगज्योति मल्ल-भूपतीन्र मल्ल-सिद्धि नरसिंह मल्ल आदि आदिसूग विश्व विद्यालयको उपाधि थिएन- उच्च शिक्षाको प्रमाण पत्र थिएन । तर पनि ती चेतनशील थिए- सुसंस्कृत थिए- कला स्रष्टा, कला प्रेमी थिए । विगतको सम्मान गर्न जान्दथे, त्यसैले उनीहरूले लिच्छवि

उपलब्धिका उत्कृष्टताहरूलाई निरन्तरता दिँदैं आउन सके । सिद्धि नरसिंह मल्लले स्थापना गरेका अठसठ्ठीवटा बिहार एवं वहिहरूमा बौद्ध धर्म सम्बन्धी पठन-पाठन हुनाको साथसाथै कला शिक्षासमेत दिइने गर्दथ्यो । प्राचीन युनानीहरूले "कलालाई शिक्षाको मूल आधार बनाए जस्तै, सायद मल्ल राजाले पनि कलालाई धर्म प्रचार एवं शिक्षा विकासको मूलआधार नै मानेका थिए ।

"जङ्गी पोशाकमा सारालाई उर्दी थियो, टुडिखेलमा पहिलेको खरीको बोटमा ती तस्वीरहरू टाँगिएका थिए, श्री ५ सुरेन्षविक्रम शाह, श्री प्रधान मन्त्री जङ्गबहादुर, ब्रिटिस राजदूत आदि सबको बीचमा एकतीस तोपको सलामी पछि ' ती विशाल चित्रका उद्घाटन भयो । ती जङ्गबहादुरको थापाथली बैठकमा लगेर टाँगिए । अनि उनले आङ्ढैसूग युरोप भ्रमणमा लगेका कलाकार भाजु मचालाई "मैले यो तेरो निम्ति ल्याएको हू-यत्तिकै राम्रो बनाउन सक्छस ?, भनेर सोधे । (कला- नाङ्घा पत्रिका- ३०३७-बालकृष्ण सम)

आफ्नो विदेश भ्रमण दलमा कला क्षैत्रबाट एउटा कलाकारलाई पनि समावेश गरेर लैजाने राणा प्रधानमन्त्री जङ्गबहादुरले शुरू गरेको परम्परा आधुनिकता तिर आउँदा स्व. राजा महेन्ष्को समयसम्म मात्र कायम रहन सक्यो ।

एउटा चेतनशील सिंह र पुच्छर नभएको व्यक्ति र समाजमात्र साहित्य, सङ्गीत र कलाको पहिचान र सम्मान गर्न सक्छ, सौन्दर्य र लालित्यको उपाशक बन्न सक्छ । राणा प्रधानमन्त्रीहरू त्यस्तै कला प्रेमी र पारखी थिए- चेतनशील थिए । त्यसैले एकै पटकको युरोप भ्रमणबाट उनीहरू युरोपको कला वैभवता एवं कला पूर्ण जीवन शैलीबाट अत्यधिक प्रभावित हुन पुगेका थिए । उनीहरूले त्यताबाट ड्ढर्के पछि आफ्नो देशलाई पनि त्यस्तै कलाकारिताबाट परिपूर्ण बनाउने प्रयासमा लागे । अनि थोरै समयमानै उनीहरूले यो उपत्यकालाई अत्याधुनिक कलाले परिपूर्ण सहरमा परिणत गरिदिए । उनीहरूको दुईपटकको युरोप भ्रमणबाट दुई खेप ल्याएको आधुनिकता भित्र आज पनि हामी प्राचीन मिश्र-यूनान-रोम-वैजाईन्टाइन गोथ-गावल आदि विश्व भरिका प्रसिद्ध कला शैलीका उत्कृष्टताहरूलाई हाम्रै देशमा आफ्नै वरिपरि देख्न पाउँछौं ।

मन्दिरैमन्दिर, घण्टैघण्ट, पुजा पुजारी, पाठ धुप दियो, राजामति कुमति र पल्टनिया बाजै बाजा, कलाकारै कलाकार, एवं कलाकृतिले परिपूर्ण, रूप कथाको प्राचीन नगरी जस्तो, पुराण र पौराणिकताका पहाडले परिवेष्ठित, परम्परागत आस्था र विश्वासको ऊर्जाबाट प्रस्ड्ढुटित जन जीवन, बीसौं शताब्दीले गति लिई सक्दा पनि टुकी र दियोको उज्यालोमा टल्पलाइरहेको यो अलौकिक र रहस्यमय देखिने उपत्यकामा एकाएक चन्ष ज्योति, वीर धारो, वीर अस्पताल, स्कूल, कलेज पाठशाला, ड्ढराकिला सडक, सडकका माझमाझमा रोमन कालका मूर्तिकार दोनातेलो शैलीमा बनेका शासक मूर्तिहरू, नेपाली कलाकारद्वारा तेल रङ्गमा विशाल विशाल चित्रका रचना कस्तो आश्चर्यजनक परिवर्तन र साँच्चै नेपालका यी राणा प्रधानमन्त्रीहरू कला प्रेम, सौन्दर्यानुराग, राष्ट्र प्रेम, देश विकास र निर्माणका कार्यमा उनीहरूभन्दा सात आठ सय वर्ष अगाडिका इटलीका मेडिसि-लोरेञ्जो भन्दा कमका थिएनन् । थोरै समयमानै उनीहरूले यो उपत्यकालाई त रोमको ँभायटिकन, नै बनाइदिएका थिए, जसको संभारसम्म पनि हाम्रो वर्तमानले गर्न सकिरहेको छैन ।

विश्वका कुनै पनि पर्यटकले अर्को देशमा गएर हेर्न-बुझ्न र रमाउन चाहने केवल दुई वटा क्षेत्र प्रमुख रूपमा रहेका हुन्छन्- त्यहाँको प्रकृति र कला । उनीहरू त्यो देशको भौगोलिक एवं प्राकृतिक सौन्दर्यबाट त्यसको भौतिक रूपसूग परिचित हुन्छन् भने त्यो देशका सिर्जनात्मक कलाकृतिहरू हेरेर त्यहाँका मानिसको अन्तर ह्दय एवं सांस्कृतिक पक्षसूग परिचित हुन पुग्दछन । विगतको शासन व्यवस्थाको विरोध गर्न सिपालु हाम्रा जनमुखी भनिएका नेताहरूले पनि त वर्षमा दर्जनौं पटक कुनै न कुनै निहू पारेर विश्वका अरू देशको भ्रमण गर्ने बानी बसालिसकेका छन् नि । खोइ त तिनले के के ल्याए - विकसित देशको कला साम्राज्य घुम्दा के कति सिके ? देशको कला क्षेत्रले के कति पायो त ?

राजनितिक प्रतिस्पर्धा र निजी स्वार्थको लागि निजत्व गुमाउने स्वार्थीहरूको लागि मिश्रका ड्ढाराओ खाफ्रे, युनानी शासक पेरिकल्स, रोमन सम्राट् ट्राजन, खोपाली राजा भूपतेन्ष मल्ल, नेपालका प्रधानमन्त्री जुद्ध शमशेर, दार्शनिक

राजा महेन्द्र सबै निरङ्कुश हुन सक्लान- तर पनि तत्तत्कालमा गरिएका सुकार्य कीर्ति-कला प्रेम, राष्ट्र प्रेम आदिका उदाहरणहरूले भने तिनलाई सधैं शिखर व्यक्तित्वको रूपमा इतिहासको शिखरमा राखिरहनेछन् ।

राणा प्रधानमन्त्रीहरू नेपालमा कला विकासको क्षैत्रमा अनेकौं उदाहरणीय कार्यहरू गरेका छन् जसमध्ये एउटा मात्र "कला शिक्षा" को क्षेत्रलाई म यहाँ छोटकरीमा प्रस्तुत गर्न चाहन्छु । तत्कालका सरकारी शिक्षा निकायले "कला शिक्षाको महत्वलाई कति धेरै बुझेका रहेछन् र वर्तमानतिर आउँदा सरकारी शिक्षा निकायका योजना विद् एवं अधिकार प्राप्त शिक्षा विद्ले कति महत्वहीन ठानेका रहेछन् भन्ने कुरा प्रस्तुत एउटा मात्र उदाहरणबाट पनि स्पष्ट हुनेछ ।

## कला शिक्षा व्यवस्था

राणा शासन व्यवस्थाले १९०६ सालमा दरबार हाई स्कूलको स्थापना भय देखिनै "कला शिक्षा"लाई समावेश गरेका थिए । चित्रकलातर्ङ्क झुकाव भएका विद्यार्थीहरूको लागि पूर्वाधारको रूपमा तिनलाई सक्षम बनाउन त्यहाँ कक्षा एक देखि तीनसम्म चित्रकला विषय पनि राखिएको थियो । १९९३ साल देखि त मिडिल क्लासमा समेत परीक्षामा समावेश नगराइने गरी हप्ताको दुई पेरिअड चित्रकला विषय सिकाइने व्यवस्था गरिएको थियो । यसो गर्दा विषयगत पठन पाठनमा निरन्तरता आउनाको साथै चित्रकलातर्ङ्का प्रतिभाशाली विद्यार्थीहरूले चित्रकलालाई इच्छाधीन विषय बनाएर प्रवेशिका परीक्षासम्म जान पाउँदथे । यो लेखक स्वयम्ले पनि तिनै प्रक्रिया पूरा गर्दै गएर प्रवेशिका परीक्षा उत्तीर्ण गरेको थियो । दरबार हाई स्कूलमा चित्रकला विषय सिकाउने दुईजना कलाकार शिक्षक (तेजबहादुर चित्रकार दिलबहादुर चित्रकार)को दरबन्दीनै थियो । यसदेखि बाहेक नेपालमा सिर्जनात्मक कला क्षेत्रको विकास, सिर्जनात्मक शिल्पीहरूको कला-कौशलताको अभिवृद्धि तथा नेपालको सांस्कृतिक-ऐतिहासिक कला सम्पदाको संरक्षण गर्ने उच्च उद्देश्य लिएर छाउनीको राष्ट्रिय सङ्ग्रहालय परिधिभित्र "जुद्ध जातीय कलाशाला" जुद्ध सडक नजिकै नाच घर, तथा टेक्स्टायल डिजाईनिङ कपडा रङ्गाउने छपाउनेजस्ता कतिपय कलाकौशल एवं उद्योगमूलक शिक्षालय तथा कार्यालयहरूको स्थापना गरिएको थियो । उनीहरू नेपाल भाषा-साहित्यतर्ङ्क पनि अति जागरुक थिए भन्ने कुरा २००० सालमा बनारस विश्वविद्यालयमा नेपाली भाषा साहित्यको पठन पाठनको व्यवस्था गराइएबाट पनि बुझ्न सकिन्छ । (नेपालमा शिक्षाको इतिहास- गोपीनाथ शर्मा - २०४३) यी क्षेत्रको विकास एवं सम्बर्धन गर्न तत् कालका शासक सक्रिय थिए । प्रधानमन्त्री जुद्ध शमशेरले प्रतिभाशाली विद्यार्थीहरूले आफ्नै देशमा कला शिक्षामा प्रवीण बन्न सकुन् भन्ने उद्देश्य लिएर शिक्षा नीतिमा नै विशेष व्यवस्था गरेका थिए ।

## जुद्धकला पाठशाला

१९९१ साल वैशाख १ गतेका दिन (१) शिक्षा मन्त्रालयद्वारा सञ्चालन हुने गरी उनीहरूले "नेपाल आर्ट स्कूलको" स्थापना गरिदिएका थिए । सो स्कूल तत् कालमा "टेक्निकल स्कूल" अन्तरगतमा राखिएको थियो । १९९५ सालमा सो स्कूललाई "जुद्ध पाठशाला" नामाकरण गरी कला शिक्षामा स्तर वृद्धि र शिक्षा पद्धतिको निश्चित नियमसमेत निर्धारण गरियो । सायद तत्कालका राणा प्रशासकहरूले अंग्रेज अधीनको भारतको महानगरी कलकत्तामा भएका शिक्षा-साहित्य-कलाको जल्दाबल्दा गतिविधिहरूबाट निकै प्रभावित भएका थिए । अङ्ग्रेज विद्वान्लाई मेकालेद्वारा शुरू गरिएको शिक्षा प्रणालीबाट सर्वथा भिन्न रूपमा सञ्चालन हुने गरी देशमा "अभ्यासमूलक कला शिक्षा" प्रदान गर्ने उद्देश्यले त्यहाँ १९२१ सालमा "गभर्नमेन्ट कलेज अङ्क आर्टस् एण्ड क्रायटस"को स्थापना गरिएको थियो । त्यो कला पाठशालालाई अङ्ग्रेजहरूले समेत रेखा, रङ्ग, आकृतिद्वारा देश निर्माणको प्रारूप तयार गर्ने एवं राष्ट्रिय संस्कृतिको संरक्षण गर्नेजस्ता पवित्र स्थलको रूपमा लिएको हुदा त्यो कलेज केवल औपचारिक शिक्षा दिने स्थल मात्र नभएर विश्वकर्माको कार्यशालानै बनेको थियो । नेपालमा कला शिक्षाको विकास गर्ने कति ठूलो चाहना र ती राणा प्रधानमन्त्रीहरूको । जुद्धशमशेरले त्यसै कलेजको पाठ्य पद्धतिबाट प्रभावित भएर त्यसैको स्वल्याकारमा "जुद्ध कला पाठशालाको स्थापना गरेका थिए । यहाँ पनि पाँच वर्षसम्मको नियमित कलाभ्यास गरेपछि" "कला कुशल" अनि छ वर्षको पाठयाब्धि पूरा गरेपछि "कला प्रवीण" भएको प्रमाण पत्र दिइने व्यवस्था गरिएको थियो । यो प्रमाण पत्रले तत्कालको डिप्लोमा (अहिलेको प्रमाणपत्रतह) बरोबरको मान्यता पाउँदथ्यो । त्यति लामो अध्ययन अबधिमा प्रत्येक दिन बिहान १० बजेदेखि बेलुका ४

बजेसम्म विद्यार्थीहरू केवल रेखा-रङ्गमा मात्र अभ्यास गरिरहने हुदा त्यताबाट उत्तीर्ण भएका कलाकारहरू साँच्चै कला क्षेत्रका गुणयुक्त, स्तरीय, कुशल कलाकारको रूपमा देशमा आवश्यक पर्ने कला क्षेत्रका दक्ष जनशक्ति बनेर कार्यरत हुने गर्दथे । त्यसरी उत्तीर्ण हुने कलाकारहरूमा २००० सालदेखि यताको वीस वर्षको अवधि “कला कुशल हुनेको संख्या तेत्तीस जना र “कला प्रवीण” हुनेहरूको संख्या २००१ साल देखि २०२३ साल सम्ममा बत्तीस जना पुगेको थियो ।

करिब बीस वर्षको अवधिमा करिब पैसट्ठीजना कलाकार मात्र उत्तीर्ण भई निस्कनुलाई २०३३ सालपछि आफूलाई विज्ञ सम्झने-अधिकार प्राप्त यस क्षेत्रका शिक्षाविद्, एवं योजनाविद्हरूले कला शिक्षाको गुणात्मक पक्षको सट्टा संख्यात्मक पक्षबाट हेरेर "असङ्ग्ल" भन्न लागे । “कला प्रतिभामूलक विषय हो” भन्ने सामान्य मान्यतासम्मलाई पनि उनीहरूले बुझ्न सकेनन् । फलस्वरूप दिन प्रतिदिन जुद्ध कला पाठशालामा पनि ठूलो संख्यामा विद्यार्थी हुन्, त्यहाँको आर्थिक आय बढ्दै जावस्, गुदी नभए पनि त्यसको बोक्रामा चमक होस्, आकारमा ठूलो देखियोस् आदि उनीहरूको इच्छा प्रबल हुदै आउन लाग्यो । राणा शासनको अन्त्य भएपछि राणाकालको शिक्षा व्यवस्थामा सुधार गर्न अनेकौं प्रयत्न गरिन लागे, तर जति जति प्रयत्न गरिए -“कला शिक्षामा उति उति निराशाजनक-ह्रास आउन लाग्यो ।

**उँधोमुखी योजना**

**प्रयत्न** (क)

राणा शासनको अन्त्य भएपछि २००९ सालमा सर्वप्रथम जनस्तरबाट गठन गरिएको “शिक्षा समिति”को सिफारिस अनुसार २०११ सालमा प्रथम “राष्ट्रिय शिक्षा योजना आयोग”को गठन भएको थियो । (नेपालमा शिक्षा- २०१९ प्रकाशन विभाग- कलेज अफ एजुकेशन) विविध क्षेत्रका विद्वान् प्रतिनिधिहरू सम्मिलित भएको ४६ सदस्यीय त्यस आयोगमा “ललित कला” क्षेत्रका कुनै प्रतिनिधि थिएन । त्यति लामो अवधिसम्म कला विषयमा उच्चस्तरको पठनपाठन गराउने कला पाठशालालाई पूर्वाधारविनाका विद्यार्थीहरूको तालिम केन्द्रको रूपमा ओराल्ने व्यवस्था गरियो । जब विद्यार्थीहरूले प्रवेशिका परीक्षामा समेत ईच्छाधीन विषयको रूपमा चित्रकला विषय लिन नपाउने भए- त्यो कला पाठशाला नितान्त रूपमा एक्लो “विन्दु” मात्र बन्न पुग्यो । तर पनि त्यतिबेलासम्म कक्षा पाँच सम्मका विद्यार्थीहरूलाई “सौन्दर्य विज्ञान”, अन्तरगतमा चित्र-मूर्ति-सङ्गीत-लोक नृत्य-साहित्य आदि विषयमा पठन पाठन गराइन्थ्यो ।

**प्रयत्न** (ख)

२०२४ सालमा शिक्षामा गुणस्तर वृद्धि गर्ने भनेर अझ अर्को “मास्टर प्लान” तयार गरियो । त्यसभित्र जुद्ध कला पाठशालालाई पनि समावेश गराईयो । जुन पुनः नेपालमा कला शिक्षा विकासको लागि दुर्भाग्य बन्न पुग्यो । राणा शासनले यस क्षेत्रमा गरेका सुकार्यहरूको सही मूल्याङ्कन र राम्रा पक्षको अनुकरण गर्नु त परै जावस्, तत्कालमा उत्तरदायित्व बोकेका शिक्षाविदहरूले कला पाठशाला अगाडिको “जुद्ध” शब्द लाई नै उडाएर त्यसको नाम “ललित कला महाविद्यालय” बनाए । अझ बढी अपराध त तिनले ५-६ वर्षको प्रयोगात्मक शिक्षालाई घटाएर “तीन वर्षे अपाङ्ग बनाएर गरिदिए । यसरी ती शिक्षाविद्हरूले पाठशाला तहबाट कला विषयका सबै पूर्वाधारहरू मेटाएर कुनै पनि प्रवेशिका परीक्षा उत्तीर्ण गर्ने विद्यार्थीले एकै पटक कला महाविद्यालयमा भर्ना भई तीनै वर्षमा कलाकार बनेर, निस्कन पाउनेजस्ता विकृति कला शिक्षामा ल्याए ।

**प्रयत्न** (ग)

ललित कलालगायत राष्ट्रिय सम्पूर्ण शिक्षा क्षेत्रको गुणस्तर वृद्धिको नाममा अझ अर्को प्रयास २०२८ सालमा गरियो । व्यवसायमूलक शिक्षा दिने राष्ट्रिय शिक्षा पद्धतिको मूलभूत उद्देश्य जतिसुकै सराहनीय भए तापनि “ललित कला शिक्षा”को क्षेत्रमा त्यसले अर्को धारिलो हतियार नै बजाऱ्यो । राष्ट्रिय शिक्षा पद्धतिको योजना तर्जुमा गर्ने जस्तो गहन उत्तर दायित्व बोकेका शिक्षाविद्हरूले कला शिक्षाप्रति ठूलो खेलवाड गरे अथवा राणाकालको

विरोध मात्र गर्न जान्ने- अन्य क्षेत्रमा भने हास्यास्पद अनभिज्ञताको परिचय दिए । विकासका हरेक क्षेत्रमा एकपछि दुई र त्यसपछि क्रमशः तीन-चार हुँदै गएर मात्र प्रगतिको पिरामिड बन्न सक्दछ भन्ने सामान्य गणितको नियमसम्म पनि तिनले पालना गर्न सकेनन् ।

यो शिक्षा पद्धतिले प्राथमिक तह कक्षा १-५ सम्म शारीरिक शिक्षा-सङ्गाइ-हस्तकला र चित्रकलालाई केवल ५० अङ्कको मात्र पाठ्य भार दिएर चित्रकला जस्तो बालकको सिर्जनात्मक प्रतिभाको विकास गर्ने महत्वपूर्ण विषयलाई व्यवसायमूलक बनाउने प्रयास गरियो । यति मात्रको शिक्षा दिन पनि कुनै पाठशालामा पनि कला शिक्षकको दरवन्दी नहुनुले यस विषयतर्ङ्ग बेवास्ता गरिएको कुरा स्पष्ट हुन्छ । कक्षा ८ देखि १० सम्म व्यवसायिक शिक्षाको लागि तोकिएको ३४ वटा विभिन्न विषयहरूमध्ये "चित्रकला र ङ्गोटोग्राङ्गी"लाई संयुक्त रूपमा राखियो । यो पनि केवल औपचारिकता मात्र नै थियो, न त कतै चित्रकलाको पढाइ हुन्थ्यो न ङ्गोटोग्राङ्गीको । ङ्गेरि कलाका यी दुई भिन्नभिन्न विधालाई एउटै कक्षमा ल्याएर राख्नु साँच्चै हास्यास्पद कुरा थियो ।

**प्रयत्न** (घ)

उच्च शिक्षालाई (क) प्रमाण-पत्र (ख) स्नातक तह (ग) स्नातकोत्तर तह र (घ) अनुसन्धान तह गरी चार तहमा विभक्त गरेर विभिन्न विषयको लागि जम्मा सोऱ्ह वटा अध्ययन संस्थानहरूको स्थापना गरियो । पाठशाला तहमा कुनै पूर्वाधार नराखिएको चित्रकला विषयलाई उच्च शिक्षा दिन २०३० सालमा विश्व विद्यालय अन्तरगत मानविकी तथा सामाजिकशास्त्र अध्ययन संस्थानद्वारा सञ्चालन हुने गरी ललितकला महाविद्यालयलाई स्नातक तहमा पुऱ्याइयो । ङ्गलस्वरूप नेपालमा राणा शासन उल्टे जस्तै गरेर सम्पूर्ण शिक्षा व्यवस्था उल्टो पिरामिड बन्न पुग्यो ।

**कला शिक्षा विषयमा उठेका केही प्रश्न**

राणा शासनको विरोध गर्न सिपालु हाम्रा शिक्षाविद् एवं योजनाकारहरूले के राणाकालीन शिक्षा क्षेत्रका जर्नेल बबरजङ्गदेखि मृगेन्ष्समशेरसम्मकाले बुझे जति पनि बुझ्न सकेका रहेनछन् ।

(क) नवशिक्षा पद्धतिका अग्रदूत मानिएका उच्चाधिकारीहरूले राणाकालीन कला शिक्षा व्यवस्थाका के कस्ता त्रुटि र अवैज्ञानिक देखे ?

(ख) के तिनले छिमेकी मुलुकहरूका प्रसिद्ध कला पाठशालाहरूको परीक्षा-प्रवेशिका उतीर्ण गरेपछि ( वर्तमानमा १०+२ पछि) ५-६ वर्ष अवधिभरि अध्ययन गर्नुपर्ने पाठ्यक्रमसम्म पनि हेरेनन् ।

(ग) किन तिनले छिमेकी राष्ट्रका कला शिक्षाको सम स्तरीयता तर्ङ्ग ध्यान दिएनन् ?

(घ) हाम्रा शिक्षा योजनाविद्ले पूर्वाधार विनानै कसरी प्रयोगात्मक प्राविधिक-ललित कला जस्ता विषयमा एकैचोटि महाविद्यालय तहमा तीनै वर्षको अध्ययन-अभ्यास गराएर कलाकार बनाउने सपना देखे ?

(ङ) के तिनले "ललित कला" प्रविधिमूलक-प्रयोगात्मक शिक्षा हो भन्ने कुरासम्म पनि बुझेनन् र कला क्याम्पसलाई मानवीय संकायद्वारा सञ्चालन गर्ने हास्यास्पद कार्य गरे ?

(च) के कशल कलाकार बनाउन देवकोटा-किट्स पढाउनै पर्छ, होइन भने अङ्ग्रेजी-नेपाली जस्ता विषयलाई किन कला शिक्षाको अनिवार्य अङ्ग बनाइयो ?

(छ) प्रतिङ्गलको लक्ष नराखी सरकारले कतै पनि लगानी गर्दैन । लगानीको अनुपातमा के सरकारले वर्तमान कला शिक्षा पद्धतिबाट प्रतिङ्गल सन्तोषजनक पाउन सकेको छ ? हेर्ने कसले-मूल्याङ्कन गर्ने को ?

(ज) कुनै राणाकालीन खरदारको जस्तो देखिने ५-६ दशक पुरानो जीर्ण र धराप भवनलाई "सिर्जनात्मक कलाको साधनालय-शिक्षालय भनिरहन के सरकारी सम्बन्धित निकायलाई लाज लाग्दैन ? के तिनले मुलुकका "कला महां विद्यालय" देखेका छैनन् ? कला शिक्षालयमा कस्तो प्रकाश व्यवस्था कस्तो शैक्षिक सामग्री एवं वातावरण हुनुपर्दछ भन्ने सामान्य कुरासम्म पनि कला क्षेत्रमा उच्च शिक्षाको परिकल्पना गर्ने शिक्षाविद्ले बुझ्न सकेका छैनन् ?

(झ) के ललितकला क्याम्पस र अरू सामान्य शिक्षा दिने क्याम्पसमा धेरै ङ्करक हुन्छ भन्नेकुरा शिक्षाविद्हरूलाई थाहा छैन ? होइन भने यो क्याम्पसमा पनि किन विद्यार्थी संख्या र आम्दानी वृद्धिको कुरा गर्दछन् ?

**कलाशिक्षा मन्दिरको जीर्ण अवस्था**

२००७ सालपछिका हाम्रा जागिरमुखी शिक्षाविद्हरूसूग कला शिक्षा सम्बन्धमा गर्नुपर्ने थुप्रै प्रश्नहरू छन् । यस क्षेत्रका उत्तरदायी शिक्षाविद्हरूले बुझ्नै पर्ने कुरा केहो भने कला क्याम्पस भनेको कलाकार उत्पादन गर्ने यन्त्रशाला होइन । यो त देशको गौरव हो- सृष्टिशाला हो -साधनालय हो- सिर्जनात्मक प्रतिभाको मन्दिर हो । साठी वर्षअगाडि राणा शासकद्वारा प्रतिष्थापन गरिएको यो पवित्र कला मन्दिरको अवस्था-दिनानुदीन जीर्ण हुदै गइरहेको छ । यसको अवस्था चिन्ताजनक छ । श्री ५ को सरकार अथवा विश्वविद्यालयमा यसको मर्म बुझ्ने कुनै निकाय छैन । अनुत्पादक मानिएको यस क्षेत्रमा लगानी गर्न सरकारसूग कुनै बजेट छैन । बाँच्नको लागि मात्र बाँचिरहेको छ यो क्याम्पस । भोलि खुल्ने कला प्रतिष्ठान- एवं एकाडेमीमा उपयुक्त हुन सक्ने प्रवुद्ध र दक्ष कलाकार पैदा गर्ने देशको गहन सांस्कृतिक क्षैत्रको उत्तरदायित्व बोकेको यो क्याम्पस आज कला शिक्षालय भनिनसम्म योग्य पनि छैन ।

मूलतः यहाँ ललितकलाका तीन विभागहरू छन्-मूर्ति-चित्र र सङ्गीत । मूर्तिकलातर्ङ्क आधुनिक र उन्नत सामग्रीको त कुरै छाडौं प्रारम्भिक सामग्री माटोसम्मको पनि यहाँ अभाव छ । प्रस्तर-प्लाष्टर-ढलोट आदि सामान्य परम्परागत सामग्रीमा कार्य गर्नुसमेत यहाँ विद्यार्थीको लागि दुर्लभ छ । विशाल विशाल ढुङ्गा-काठ काटेर भाव रूप खडा गर्नुपर्ने विधाले वगरका ससाना ढुङ्गा र ससाना काठ कोतरेर शिक्षोपार्जन गर्नु परिरहेको छ । ढुङ्गा-काठ-धातु- आदि राख्ने र प्रयोग गर्ने उपयुक्त स्थान समेत त्यहाँ छैन । ठीक त्यही अवस्था छ चित्रकला विभागको पनि । धेरै वर्षअगाडि नै नेपालको गौरवमय परम्परागत कला विषयमा शिक्षा दिने छुट्टै व्यवस्था भइसक्नु पर्दथ्यो । आजसम्म त्यसतर्ङ्क सोचिएकोसम्म पनि छैन । यही देशका कलाकारले मात्र यसको शिक्षा स्तम्भ खडा गर्न सक्छ- अरु कुनै देशले होइन । आधुनिक औद्योगिक विश्वको इस्तेहारी आधार स्तम्भ मानिने "वाणिज्य कला" को एउटा छुट्टै विभाग पनि धेरै अगाडि नै खोलिसक्नु पर्दथ्यो । सही अर्थमा छ दशक अगाडिको जुद्ध कला पाठशालाका मूर्ति चित्रकला विभागनै अहिले पनि त्यहाँका प्रमुख दुईवटा विभाग रहिरहेका छन्-अझबढी विकृत अवस्थामा । यसको भौतिक रूप जीर्ण र भयावह छ भने आधारभूत शिक्षण सामग्रीको सधैं अभाव छ । भएका सामग्री तथा पुस्तकालयका पुस्तकहरू समेत स्थानाभाव एवं संरक्षण व्यवस्थाको कमीले गर्दा दुरावस्थामा रहेका छन् । एउटा कला क्याम्पस कस्तो हुनुपर्ने हो भन्ने कुरामा अनभिज्ञताको कारण विद्यार्थीहरू जे छ त्यसैमा सन्तुष्ट देखिन्छन् । यतिसम्मकि कला सम्बन्धी नेपाली भाषामा कुनै पाठ्यपुस्तक नभएको अवस्थामा त्रिभुवन विश्व विद्यालयको पाठ्यक्रम विकास केन्प्ले क्याम्पसको अनुरोधमा ठूलो लगानी गरी प्रकाशित गरिदिएको पुस्तक "विश्व कलाको इतिहास" (पाषाण युगदेखि अठारौं शताब्दीसम्मको चित्र-मूर्ति एवं वास्तु कलाको इतिहास)लाई कला स्नातक तहको पाठ्यपुस्तकबाट हटाइदिंदा समेत विश्व विद्यालयको सम्बन्धित निकाय मौन छ । विश्वकला विषयमा विद्यार्थीहरूको आधारभूत एउटै मात्र नेपाली भाषामा लेखाइएको पुस्तक हो त्यो । अहिले पनि सम्पूर्ण पठन पाठनको मूल आधार त्यही पुस्तक रहिआएको छ विद्यार्थीहरूको । त्यस्तो पुस्तकलाई पाठ्यक्रमबाट हटाइदिंदा पनि त्यसप्रति र त्यस्ता गलत कार्य गर्नेप्रति कारवाही गर्न विश्वविद्यालयमा कुनै अधिकारी अथवा निकाय छैन ।

ललित कला क्याम्पसमा सङ्गीत विषयतर्ङ्क पनि स्नातक तहसम्मको पठन पाठनको व्यवस्था छ । कुनै व्यक्ति विशेषले आफ्नो घरको कोठामा बसेर सङ्गीतको अभ्यास गरेजस्तो गरेर क्याम्पसको सङ्गीत कक्षा सञ्चालन

हुन सक्दैन । चित्रकलालाई भन्दा धेरै नै सुविधाजनक स्थान तथा सामग्रीको आवश्यकता पर्दछ सङ्गीत कक्षाको लागि । सामान्य रूपमा पनि सङ्गीततर्ड्ड यसका अरू प्रत्याङ्गको अपेक्षा मुख्य रूपले गायन र वादन हुने गर्दछ । यी दुवैभित्र मुख्य रूपले लोक-शास्त्रीय तथा आधुनिक गरी तीन वटा छुट्टाछुट्टै विधाहरू रहने भएको हुदा प्रत्येक विषयको कक्षा सञ्चालन गर्नाको लागि अनुकुल वातावरणयुक्त थुप्रै कक्षा कोठाहरू र वाद्य सामग्रीहरूको अनि आवश्यकता पर्दछ । वर्तमानको सिङ्गो क्याम्पस भवनको मौजुद १५-१६ वटा कोठाहरू त अनुपयुक्त हुनाको साथै चित्र अथवा सङ्गीत विभाग मात्र सञ्चालन गर्न पनि पर्याप्त छैन । यस्तो स्थितिमा त्यहाँ अहिले प्रथम वर्षदेखि पाचौं वर्षसम्मका तीनैवटा विभागका कक्षाहरू सञ्चालन हूदै आइरहेका छन् । यहाँको दुरावस्था एवं आधारभूत आवश्यकताको बीचमा कुनै सामञ्जस्यता छैन भन्ने कुरा सरकारी अथवा विश्वविद्यालयको कुन निकायले बुझ्नु पर्ने हो कसैलाई थाहा छैन ।

अधिराज्यका अधिकांश विद्यालयहरूमा केही अपवादलाई छाडेर कतै पनि चित्र-मूर्ति सङ्गीत आदि विषयको पठन पाठन गराईदैन । ड्डलस्वरूप पाठशालाका दश वर्षसम्म कला विषयको वर्णमालासम्म नखारेका कोरा विद्यार्थीहरू ललित कला क्याम्पसमा भर्ना हुन आउँछन् । त्यहाँ तिनले अन्य सामान्य क्याम्पसहरूमा जस्तै अङ्ग्रेजी नेपालीसमेत पढ्नुपर्दछ र अन्यत्र जस्तै चार वर्ष (हालमा पाँच वर्ष)को पाठ्यांश पूरा गरेपछि -कला विषयमा केही बढी पाठयांश पढेको भरमा -राजनीति र अर्थशास्त्रका विद्यार्थीहरूले झैं कला विषयमा स्नातकोपाधि पाउँदछन् यी कला स्नातक विद्यार्थीले स्नातकोत्तर तहतिर जान पाउँदैनन् । उनीहरूको उच्च शिक्षा स्नातक तहमा पुगे पछि अन्त्य हुन्छ । कति दुरावस्था कला शिक्षा क्षेत्रको र

श्री ५ को सरकारमा यस्ता समस्यातर्ड्ड ध्यान दिने कुनै निकाय छैन । निरन्तरता र क्रमबद्धता प्रत्येक विकास र प्रगतिको वैज्ञानिक गति हो । १९१५ सालका प्रथम राणाकालीन शिक्षा क्षेत्रका जर्नेल बबरजङ्ग राणादेखि २००७ सालका मेजर जर्नेल मृगेन्र्समशेरसम्मका शिक्षाधिकारीहरू तथा तत्कालीन वेलायति शिक्षाविद् मि. रोस तथा मि. कानिङ जस्ताले अति आवश्यक ठानेको कला शिक्षाको क्रमबद्ध गतिलाई २००७ साल पछिका शिक्षाविद्हरूले अनावश्यक ठाने । यो दोष हो भने सजायको भागी को को हुने हो ?

त्यस्तै निराशाजनक स्थिति छ कला क्याम्पसका प्राध्यापक एवं कर्मचारीहरू सम्मको पनि । त्यहाँ जो जुन पदमा प्रवेश गर्छ-त्यो पदबाट रिटायर्ड हुन्छ । जसले जति कला शिक्षा लिएर शिक्षक पदमा आए - उनीहरू विद्यार्थीहरूलाई त्यतिनै मात्र शिक्षा-अवकाश नपाउञ्जेल-घट्दोक्रममा दिंदै जान्छन् । न तिनको कहिल्यै सरुवा हुन्छ न त बढुवा, न पदोन्नति हुन्छ न त उच्चस्तरको तालिम - भ्रमण अवलोकनको अवसर । सिर्जनात्मक कलाको क्षेत्रमा आधुनिक विश्व सय माइल पर पुगिसक्दा पनि - त्यहाँको कला गति एवं शिक्षाको पद्धतिले अझै पुराना प्रवृत्तिका पाइला चाल्न वाद्य हुनु परेको छ । भोलिका कलाविद्-विद्वान् स्रष्टाप्राज्ञको जन्म दिने “कला गर्भ” बनेको यो क्याम्पस आज जीर्ण अवस्थामा आइपुगेको छ ।

राम्रो कामको प्रशंसा नगर्नु बौद्धिक गरिबी र उँधोमुखी प्रवृत्ति हो । यस्तो प्रवृत्ति घातक हुन्छ र त्यसले भावी पुस्ताको १८३१ मा आफ्नो मृत्यु शैयाबाट नै राष्ट्रलाई बक्स भएको “दिव्य उपदेश” अनुरूप मौसुड्डद्वारानै निर्माण गराइबक्सेको नुवाकोटको नौ तले दरबार आजसम्म पनि शाहकालीन कला प्रेमको प्रतीक बनेर रहिरहेको छ । मौसुड्ड सरकारकै कलाप्रतिको सदिच्छालाई राणा प्रधानमन्त्रीहरूले पनि साकार पार्दै ल्याएका थिए । चन्र्समशेरले बनाइदिएको सिंह दरवारमा बसेर शासन चलाउने हाम्रो वर्तमान भने २००७ साल अगाडिका गौरवपक्षलाई सम्झनसम्म पनि चाहूदैन । जुद्ध कला पाठशालाले जुद्धसमशेरलाई बिर्सि सक्यो । विगत तीन वर्षमा मौलाएका भौतिक एवं बौद्धिक बाली नाली भित्याएर रमाएको हाम्रो वर्तमान तत्काललाई सधै “कालरात्रि” भन्ने गर्दछ । कलाप्रेमी कविराजाबाट स्थापना भएका प्रज्ञा प्रतिष्ठान-आर्टस काउन्सिल, अनि कलाकार कलाप्रेमी राजा वीरेन्र्बाट स्थापना गरिएका कला संस्था-ग्यालरी आदि आदिले आफ्ना संस्थापकहरूको नामै लिन चाहूदैनन् । सधैं सम्मानित हुदै आएको नेपाली कला जगत् आज दिनप्रति दिन अपमानित हुदै आइरहेको छ ।

राम्रो थियो र छ भनेर विगतलाई वर्तमानमा ल्याउन कदापि सकिंदैन । ल्याउनुपर्छ भनिएको पनि होइन । धर्मको कुरा गर्दा हजार वर्ष पुराना उपदेशको पुनानुसरण गर्न जान्ने वर्तमानका कट्टर शिक्षाविद् एवं व्यवस्थापकहरूले केवल २०० वर्ष अगाडि सुकर्महरूको अनुसरण गर्न- उत्कृष्ठ विगतको अनुयायी बन्न किन जानेनन् भन्न मात्र

खोजिएको हो यहाँ। विगतको घृणा र आलोचना गर्न जान्नेले वर्तमानलाई अझ परिमार्जित र आधुनिक बनाउन जान्नु पर्दछ। कुनै पनि वर्तमान विगतको अग्रभाग मात्र हो। नचाहेर पनि प्रत्येक वर्तमानले आफ्नै विगतले दिएका ज्ञान-प्रविधि-एवं सामग्रीको संकलन र प्रयोग गरिरहेको हुन्छ। स्वस्थ भविष्य बनाउने आशाबाट उत्प्रेरित भएर आज हाम्रो कला जगत्ले अस्वस्थ भई बाँच्नु परिरहेको छ। अनि हाम्रा कलाको वर्तमान गतिहीन भइदिएको हुँदा हामी सबैले केवल विगतको गौरबै मात्र गर्नु परिरहेको छ।

**- हर्मिताज, महाङ्काल, बौद्ध**